**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**राजस्व सदस्य गोविन्दप्रसाद अधिकारी**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

**२०७८।०७९ सालको निर्णय नं. ३०२**

**पुनरावेदन नं. ०७७-RB-०४२२**

**मुद्दाः– मरिच चोरी निकासी ।**

| | |
|---|---|
| जिल्ला महोत्तरी ऐकडेरा गा.पा. वडा न. १ घर भई हाल धनुषा जिल्ला जनकपुर उपमहानगरपालिका वडा न. १२ बस्ने रमेश साह.......................................१ | पुनरावेदक प्रतिवादी |
| **विरुद्ध** | |
| प्र.नि.अशोक कुमार झा समेतको प्रतिबेदनले नेपाल सरकार............................१ | प्रत्यर्थी वादी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- जनकपुर भन्सार कार्यालय

शुरु निर्णय गर्ने अधिकारीः- भन्सार अधिकृत श्री रामेश्वर कुमार मिश्र

शुरु कार्यालयको निर्णय मितिः– २०७७/०६/१२

**<u>उपस्थित कानून व्यवसायीहरु</u>**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ताद्धय श्री निरज गुप्ता र श्री चेतन आर्चाय

प्रत्यर्थीका तर्फबाटः- विद्धान सहायक न्यायाधिवक्ता श्री विमला गौतम

**अविलम्वित नजीरः ×**

जनकपुर भन्सार कार्यालयका भन्सार अधिकृत श्री रामेश्वर कुमार मिश्रले मिति २०७७।६।१२ मा गरेको फैसला उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दा यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्र हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. मिति २०७६।१०।१० गते करिब ११ः३० बजेको समयमा जिल्ला धनुषा मुखियापट्टी मुसहरनिया गाउपालिका वडा न. २ स्थित मुखियापट्टी मुसहरनिया देखि भारततर्फ जाने सडकबाट २५ बोरा मरिच, मितेरी चाउचाउ १० कार्टुन, चिजवल १० कार्टुन सामान जिल्ला महोत्तरी ऐकडेरा गाउँपालिका वडा न. १ बस्ने बर्ष २३ को रमेश साहले ज१च१९६३ न. को म्याजिक पिकअपमा लोड गरेको सामान बोकी भारततर्फ लैजादै गरेको अबस्थामा गाडी, सामान र मानिस बरामद भएको मिति २०७६।१०।१० गतेको खानतलासी तथा बरामदी मुचुल्का।

२. मिति २०७६।१०।१० गते करिब ११ः३० बजेको समयमा जिल्ला धनुषा मुखियापट्टी मुसहरनिया गाउपालिका वडा न. २ स्थित मुखियापट्टी मुसहरनिया देखि भारततर्फ जाने सडकबाट २५ बोरा मरिच, मितेरी चाउचाउ १० कार्टुन, चिजवल १० कार्टुन सामान जिल्ला महोत्तरी ऐकडेरा गाउँपालिका वडा न. १ बस्ने बर्ष २३ को रमेश साहले ज१च१९६३ नं. को म्याजिक पिकअपमा लोड गरेको सामान बोकी भारततर्फ लैजादै गरेको अबस्थामा गाडी, सामान र मानिस बरामद भएको बरामदी मुचुल्का समेत संलग्न गरी आवश्यक कारबाहीको लागि जनकपुर भन्सार कार्यालयमा पेश गरेका छौ भन्ने प्र.नि. अशोक कुमार झा समेतको प्रतिबेदन।

३. ज१च१९६३ नं. को म्याजिक पिकअप मेरो व्यक्तिगत फर्म नेपाल आर्टस उद्योगको नाममा रहेको साधन हो। मबाट बरामद भएको २५ बोरा मरिच समेतका सामान धनुषा जिल्लाको जनकपुर उपमहानगरपालिकाको मिल्सएरिया स्थित अमिस इन्टरप्राइजेजबाट लोड गरी प्रतिवादी क्रेता उपेन्द्र यादवको मुखियापट्टी मुसहरनिया गाउँपालिका वडा न. २

स्थित रितिका किराना पसलसम्म लैजाने क्रममा पक्राउ गरेको हो। सामानको मालिकलाई पक्राउ नगरी मलाई मात्र पक्राउ गरेको हो। सामानको विल विजक ईलाका प्रहरी कार्यालय धनुषाको प्र.स.नि. धुपलाल साहले लगेको तर मलाई फिर्ता नदिएको र भन्सार कार्यालयमा पनि नबुझाएको भन्ने समेत व्यहोराको प्रतिवादी रमेश साहले अनुसन्धान अधिकृत समक्ष मिति २०७६।१०।११ गते गरेको बयान।

४. प्रतिवादी ज१च१९६३ नं. का सवारी धनी एव सवारी चालक रमेश साहले बरामदीत मरिच समेतका सामान भन्सार ऐन, २०६४ को दफा ५७(३) बमोजिम भन्सार चोरी निकासी कार्यमा मद्दत गरेकोले निजलाई दफा ५७(१क) बमोजिम बिगो बमोजिम रु.२,३५,०००।- (अक्षरुपी दुई लाख पैतीस हजार) जरिवाना साथै सोही ऐनको ५७(१ख) बमोजिम सवारीधनी वापत हुने रु.१,००,०००।-र सवारी चालकलाई हुने रु.५०,०००।—जरिवाना समेत जम्मा रु.३,८५,०००।-( अक्षरुपी तीन लाख पचासी हजाररुपैया ) विगो तथा जरिवाना कायम गरी भन्सार ऐन २०६४ को दफा ५७(१क) बमोजिम मालबस्तु ढुवानी साधन जफत गरी पाउन र प्रतिबादी उपेन्द्र यादवले बरामदीत मरिच २५ बोरा समेतका सामान भन्सार छलि चोरी निकासी गरी भन्सार ऐन, २०६४ को ५७(१) बमोजिमको कसुर गरेकोले निज प्रतिबादीलाई बरामदित मरिच समेतका सामानको रु.२,३५,०००।- (अक्षरुपी दुई लाख पैतीस हजार) लाई बिगो कायम गरी भन्सार ऐन, २०६४ को दफा ५७(१ग) बमोजिम उक्त मरिच समेतका सामान जफत गरी बिगो बमोजिम जरिवाना र सजाय हुन मागदावी सहित अनुसन्धान अधिकृतबाट पेश भएको अभियोग पत्र ।

५. भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा १(ख) बमोजिम सवारी साधन धनी बापत हुन सक्ने जरिवाना रु.१,००,०००।—सवारी चालकलाई हुनसक्ने जरिवाना रु. ५०,०००।—र बरामदी मालबस्तुको प्रतिवेदन मुल्य रु.२,३५,०००।— समेत जम्मा प्रतिवादी रमेश साहसंग रु.३,८५,०००।-( अक्षरुपी तीन लाख पचासी हजार) नगद धरौटी माग गर्ने गरी मिति २०७६।१०।११ मा जनकपुर भन्सार कार्यालयका भन्सार अधिकृतबाट भएको आदेश ।

६. मिति २०७६।१०।११ गतेको आदेशबाट माग भएको धरौटी रकम रु.३,८५,०००।- दाखिला गरी प्रतिवादी रमेश साह तारेखमा रहेको ।

७. भन्सार नियमावली २०६४ नियम ५२ को उपनियम १ बमोजिम मिति २०७६।१०।२९ मा जारी भएको १५ दिने म्याद २०७६।११।१२ मा बुझी मिति २०७६।११।२६ मा जनकपुर भन्सार कार्यालयमा प्रतिवादी उपेन्द्र यादव उपस्थित भएको।

८. म मुखियापट्टी मुसहरनियामा रितिका किराना पसल गर्दछु। २५ बोरा मरिच, मितेरी चाउचाउ १० कार्टुन, चिजवल १० कार्टुन सामान मैले जनकपुरबाट किनेर पसलमा बेच्न लगेको हु। मैले मरिच नेपालमै बच्न लगेको हु। रमेश साहको रातो प्लेटको गाडी भाडामा लिएकोसम्म हो भन्ने समेत ब्यहोराको प्रतिवादी उपेन्द्र यादवले अनुसन्धान अधिकारी समक्ष मिति २०७६।११।२६ मा गरेको बयान कागज।

९. भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा १(ख) बमोजिम सवारी साधन धनी बापत हुन सक्ने जरिवाना रु.१,००,०००।—सवारी चालकलाई हुनसक्ने जरिवाना रु. ५०,०००।—र बरामदी मालबस्तुको प्रतिवेदन मुल्य रु.२,३५,०००।— समेत जम्मा प्रतिवादी उपेन्द्र यादवसंग रु.३,८५,०००।- ( अक्षरुपी तीन लाख पचासी हजार) नगद धरौटी माग गर्ने गरी मिति २०७६।११।२६ मा जनकपुर भन्सार कार्यालयका भन्सार अधिकृतबाट भएको आदेश ।

१०. मिति २०७६।११।२६ गतेको आदेशबाट माग भएको धरौटी रकम रु.३,८५,०००।- दाखिला गरी प्रतिवादी उपेन्द्र यादव तारेखमा रहेकोमा तारेख गुजारी बसेको।

११. प्रतिबादी उपेन्द्र यादवले बरामदीत मरिच समेतका सामान आफ्नो रितिका किराना पसलको लागि गरिएको खरिद बिक्री खाता, मौज्दात विवरण, बैक स्टेटमेन्ट जस्ता कारोवारसंग सम्बन्धित विवरण पेश गर्न नसकेको समेतका आधारमा निज प्रतिबादी उपेन्द्र यादवको उक्त कार्य भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिमको कसुर पुष्टी हुन आएकोले निज प्रतिबादीबाट बरामद भएको मरिच निजले भन्सार चोरी पैठारी गरेको ठहरेको हुदा बरामदीत मरिच समेतका सामानको रु.२,३५,०००।- (अक्षरुपी दुई लाख पैतीस हजार) लाई बिगो कायम गरी भन्सार ऐन, २०६४ को दफा ५७(१ग) बमोजिम उक्त मरिच समेतका सामान जफत गरी बिगो बमोजिम रु.२,३५,०००।-जरीवाना हुने र निज प्रतिवादीले तारेख गुजारी बसेकोले निजले थुनछेक आदेश बमोजिम राखेको धरौटी रु.३,८५,०००।-( अक्षरुपी तीन लाख पचासी हजाररुपैया ) समेत जफत हुने साथै प्रतिवादी ज१च१९६३ का सवारी धनी एव सवारी चालक रमेश साहले बरामदीत मरिच समेतका सामान भन्सार ऐन २०६४ को दफा ५७(३) बमोजिम भन्सार चोरी निकासी कार्यमा मद्दत गरेको ठहर्याई निजलाई दफा ५७(१क) बमोजिम बिगो बमोजिम रु.२,३५,०००।- (अक्षरुपी दुई लाख पैतीस हजार) जरिवाना हुने साथै सोही ऐनको ५७(१ख) बमोजिम सवारी धनीलाई हुने रु.१,००,०००।-र सवारी चालकलाई हुने जरिवाना रु.५०,०००।—समेत जम्मा रु.३,८५,०००।-( अक्षरुपी तीन लाख पचासी हजाररुपैया) जरिवाना हुने र ज१च१९६३ नं.

को पीकअप गाडी जफत हुने ठहर्याई शुरु जनकपुर भन्सार कार्यालयबाट मिति २०७७।०६।१२ मा भएको फैसला।

१२. बरामद भएको २५ बोरा मरिच समेतका सामान धनुषा जिल्लाको जनकपुर उपमहानगरपालिकाको मिल्सएरिया स्थित अमिस इन्टरप्राइजेजबाट लोड गरी प्रतिवादी क्रेता उपेन्द्र यादवको मुखियापट्टी मुसहरनिया गाउँपालिका वडा न. २ स्थित रितिका किराना पसलसम्म लैजाने क्रममा मुखियापट्टीबाट पक्राउ गरेको हो। भारत तर्फ निकासी नै नभएको अबस्थामा मैले चोरी निकासीमा सहयोग गरेको भन्न मिल्ने अबस्था समेत छैन। सवारी धनी र सवारी चालक एकै रहेको अबस्थामा सवारी धनीलाई रु.१,००,०००।—जरिवाना गरी सकेपछि सोही सवारी धनी सवारी चालक रहेकोमा सवारी चालकलाई पनि थप रु.५०,०००।—जरिवाना गरेको समेत कानुन विपरीत देखिएकोले बदर गरी न्याय दिलाई पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई प्रतिवादी रमेश साहको तर्फबाट मिति २०७७/०९/२० मा दर्ता भएको पुनरावेदन पत्र ।

१३. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालय काठमाण्डौंलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७/१२/०६ मा भएको आदेश ।

## ठहर खण्ड

१४. नियम बमोजिम साप्ताहीक तथा दैनिक पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताद्धय श्री निरज गुप्ता एंव श्री चेतन आचार्यले प्रतिवादी रमेश साहबाट बरामद भएको मरिच समेतका सामान धनुषा जिल्लाको जनकपुर उपमहानगरपालिकाको मिल्सएरिया स्थित अमिश इन्टरप्राइजेजबाट लोड गरी प्रतिवादी क्रेता उपेन्द्र यादवको मुखियापट्टी मुसहरनिया गाउँपालिका वडा न. २ स्थित रितिका किराना पसलसम्म लैजाने क्रममा पक्राउ गरेकोले मरिच समेतका सामान अवैध रुपमा चोरी निकासी नगरेको अबस्थामा एंव सवारी धनी नेपाल आर्टस उद्योग रहेको सो सवारी धनी र सवारी चालक भनी अलग अलग जरिवाना र सवारी साधन समेत जफत हुने सजाय गरेको शुरु जनकपुर भन्सार कार्यालयको फैसला मिलेको नदेखिंदा बदर गरी प्रतिवादीलाई सफाई हुने गरी फैसला गरी पाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

१५. प्रत्यर्थी वादीको तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री विमला गौतमले प्रतिवादीको साथबाट मरिच समेतका सामान बरामद भएको तथ्य बरामदी मुचुल्कामा प्रतिवादीले सहीछाप गरेको एवँ अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा समेत आफ्नो साथबाट मरिच समेतका सामान बरामद भएको तथ्यलाई स्वीकार गरेको अबस्थामा जनकपुर भन्सार कार्यालयले प्रतिवादी रमेश साहलाई जरीवाना र सवारी साधन जफत हुने गरी गरेको फैसला कानुनसम्मत नै रहेको देखिदा सदर गरी पाउँ भनी गर्नुभएको बहस एवं जिकिर समेत सुनियो।

१६. पुनरावेदक प्रतिवादीको तर्फबाट लिइएका पुनरावेदन जिकिर, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, जनकपुर भन्सार कार्यालयबाट भएको फैसला मिलेको छ, छैन? पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१७. प्रतिवादी मध्येका उपेन्द्र यादवले शुरु तारेख गुजारी बसेको र निजले मिति २०७७।०६।१२ को फैसला उपर पुनरावेदन दिएको समेत नदेखिँदा निजको हकमा प्रस्तुत पुनरावेदनबाट केही विचार गर्न परेन।

१८. प्रतिबादी रमेश साहले लिएको पुनरावेदन जिकीर तर्फ विचार गर्दा, निजले चलाएको ज१च१९६३ न. को म्याजिक पिकअपमा लोड गरेको २५ बोरा मरिच, मितेरी चाउचाउ १० कार्टुन, चिजवल १० कार्टुन सामान बोकी भारततर्फ लैजादै गरेको अबस्थामा मिति २०७६।१०।१० गते जिल्ला धनुषा मुखियापट्टी मुसहरनिया गाउपालिका वडा न. २ स्थित मुखियापट्टी मुसहरनिया देखि भारततर्फ जाने सडकबाट गाडी, सामान र सवारीचालक समेत पक्राउ परेको भन्ने खानतलासी तथा बरामदी मुचुल्काबाट देखिन्छ। उक्त मुचुल्कामा यी प्रतिवादी समेत रोहवरमा बसी दस्तखत गरेको देखियो। बरामदीत सामान आफ्नो पीकअप भ्यानबाट बरामद भएको र सो सामान प्रतिवादी उपेन्द्र यादवको हो भनी बरामद भएको तथ्यलाई अनुसन्धान अधिकृत समक्ष गरेको बयानमा स्वीकार गरेको तथ्यलाई अर्का प्रतिवादी उपेन्द्र यादवले पनि भन्सार अधिकृत समक्ष वयान गर्दा स्वीकार नै गरेको देखिन्छ। प्रतिबादी उपेन्द्र यादवले बरामद भएको २५ बोरा मरिच, मितेरी चाउचाउ १० कार्टुन, चिजवल १० कार्टुन सामान धनुषा जिल्ला मुखियापट्टी मुसहरनिया गाउपालिका वडा न. २ स्थित मुखियापट्टी मुसहरनियामा रहेको आफ्नो रितिका किराना पसलमा बेचबिखन गर्नको लागि लगेको र सो रितिका किराना पसलको खरिद बिक्री

खाता, मौज्दात बिवरण, बैक स्टेटमेन्ट जस्ता कारोबारसंग सम्बन्धित बिवरण पेश गर्छु भनि अनुसन्धान अधिकारी समक्ष स्वीकार गरेकोमा भन्सार अधिकृतको आदेश बमोजिम धरौटी बुझाइ तारेखमा रहेका निज प्रतिवादी उपेन्द्र यादव जनकपुर भन्सार कार्यालयबाट तोकिएको तारेख समेत गुजारी बसेको अबस्था देखिन्छ।

१९. भन्सार ऐन, २०६४ को दफा २(ङ) मा "चोरी निकासी" भन्नाले "भन्सार महशुल लाग्ने मालबस्तु भन्सार महशुल नतिरी, लुकाई छिपाई वा बाटो छली वा भन्सार महशुल नलाग्ने मालबस्तु भए पनि यस ऐन बमोजिम घोषणा नगरी नेपाल बाहिर लैजाने कार्यलाई सम्झनु पर्छ" भन्ने ब्यवस्था रहेको साथै भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) मा "कसैले कुनै मालबस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ" भन्ने कानुनी व्यबस्था रहेको पाइन्छ भने भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा **(१क)** मा "उपदफा (१) बमोजिमको कसुरको बिगो दशलाख रपैया सम्म भएमा भन्सार अधिकृतले त्यस्तो मालबस्तु जफत गरी मालबस्तुको बिगो बमोजिम जरिवाना गर्न सक्नेछ" भन्ने व्यबस्था रहेको छ। निज प्रतिवादी उपेन्द्र यादवले बरामद भएको २५ बोरा मरिच समेतका सामानहरु निजको पसलबाट स्थानियस्तरमा नै बिक्री वितरण भई खपत हुन सक्ने भरपर्दो प्रमाण पेश गर्न नसकेको समेतबाट निज प्रतिवादीले बरामदीत सामानहरु भारततर्फ चोरी निकासी गर्ने उद्देश्यका साथ प्रतिवादी रमेश साहको साथ सहयोगमा निज रमेश साहको सवारी साधन प्रयोग गरी भारततर्फ चोरी निकासी गरेको होइन भन्न सक्ने अबस्था देखिएन। साथै भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा **(३)** मा "उपदफा (१) बमोजिमको कसुर गर्न मद्दत्त गर्ने वा दुरुत्साहन दिने व्यक्तिलाई भन्सार अधिकृत वा जिल्ला अदालतले कसुरदारलाई सरह सजाय गर्न सक्नेछ भन्ने कानुनी व्यबस्था गरेको र यी पुनरावेदक प्रतिवादी रमेश साह उपर यही दफा बमोजिमको माग दावी रहेको देखिन्छ। प्रतिवादीहरुबाट बरामदीत विगो दश लाख रुपैयाभन्दा कम नै रहेकोले भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१क) बमोजिम पुनरावेदक प्रतिवादी रमेश साहका साथबाट बरामद भएको मालबस्तुको विगो बमोजिम रु.२,३५,०००।-जरिवाना हुने गरि गरेको जनकपुर भन्सार अधिकृतको निर्णय सो हदसम्म मिलेकै देखियो।

२०. अब सवारी धनी र सवारी चालक दुवैलाई हुने सजाय एकै व्यक्तिलाई गरेको फैसला नमिलेको भन्ने पुनरावेदन जिकीर हेर्दा, भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा

(१ख) मा "उपदफा (१क) बमोजिम जफत हुने मालबस्तु ढुवानी गर्न प्रयोग भएको सवारी साधन सो सवारी साधन धनीको सहमति वा जानकारीमा प्रयोग भएको रहेछ भने भन्सार अधिकृतले त्यस्तो सवारी साधन जफत गरी सो को धनीलाई एक लाख रुपैया सम्म जरिवाना गर्न सक्नेछ। सवारी साधनको धनीको सहमति वा जानकारी बिना सवारी चालकले जानाजानी त्यस्तो मालबस्तु ढुवानी गरेको रहेछ भने त्यस्तो चालकलाई भन्सार अधिकृतले पचास हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ" भन्ने कानुनी व्यबस्था रहेको पाइन्छ। बरामदित सामान बोकेको ज१च१९६३ नं. को पीकअप सवारी साधनको धनी नेपाल आर्टस उद्योग जनकपुरधाम १२ रहेको तथ्य मिसिल संलग्न यातायात व्यबस्था कार्यालय जनकपुरधामको मिति २०७६।१०।१० च.न. ७०० को पत्रबाट देखिन्छ। उक्त सवारी धनीलाई यस मुद्दाको सम्बन्धमा अनुसन्धान वा न्याय सम्पादनको क्रममा बुझेको पनि देखिदैन। उक्त सवारीको सवारी चालकको रुपमा पुनरावेदक प्रतिवादी रमेश साह रहेकोमा विवाद नदेखिँदा उक्त पिकअप गाडीका सवारी चालक प्रतिवादी रमेश साहलाई भन्सार ऐन, २०६४ को दफा ५७(१ख) बमोजिम रु.५००००।—जरिवाना गरी सकेपछि सवारी धनी कानुनी व्यक्ति रहेको उक्त उद्योगलाई बुझेको पनि नदेखिएको अबस्थामा दोहोरो सजाय हुने गरी सवारी धनीको रुपमा निजै प्रतिवादी रमेश साहलाई रु.१०००००।- जरिवाना समेत गरेको निर्णय कानुनसम्मत नदेखिँदा सो हदसम्म जनकपुर भन्सार कार्यालयको निर्णय मिलेको नदेखिँदा केही उल्टी गर्नुपर्ने देखियो।

२१. अतः माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट प्रतिवादी मध्येका रमेश साहलाई भन्सार ऐन, २०६४ को दफा ५७(१) को कसुरमा सोही ऐनको दफा ५७(१क) (१ख) बमोजिम सवारी साधन जफत गरी विगो बमोजिम जरिवाना र सवारी चालकलाई रु.५०,०००।- जरिवाना गरेको हदसम्म शुरु निर्णय मनासिवै देखिएपनि जफत सवारी साधनको धनी नेपाल आर्टस उद्योग जनकपुरधाम १२ रहेको र सवारी चालकको रुपमा पुनरावेदक प्रतिवादीलाई जरिवाना गरिसकेपछि सवारी धनीको रुपमा समेत निजलाई रु.१,००,०००।-जरिवाना गरेको हदसम्म शुरु फैसला मिलेको नदेखिँदा सो हदसम्म शुरु जनकपुर भन्सार कार्यालयका भन्सार अधिकृतले गरेको मिति २०७७।०६।१२ को निर्णय केही उल्टी हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु।

## <u>तपसिल खण्ड</u>

१. माथि ठहर खण्डमा लेखिए बमोजिम जफत गरिएको सवारी साधनको धनी नेपाल आर्टस उद्योग जनकपुरधाम १२ रहेको र सवारी चालकको रुपमा पुनरावेदक

प्रतिवादीलाई जरिवाना गरिसकेपछि सवारी धनीको रुपमा समेत निजलाई रु.१,००,०००।-जरिवाना गरेको हदसम्म शुरु फैसला केही उल्टी हुने फैसला भएकोले प्रतिवादी रमेश साहको जरिवानाको लगत सशोधन गरी रु. रु.२,८५,०००।– कायम गरी कानुनको म्याद भित्र उक्त रु.१,००,०००।—फिर्ता माग गर्न प्रतिवादी रमेश साहले निवेदन दिएमा उक्त रकम फिर्ता दिनु भनी जनकपुर भन्सार कार्यालयलाई लेखि पठाइदिनु।

२.फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु।

३. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनु।

४. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा हामी सहमत छौ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

गोविन्दप्रसाद अधिकारी
(राजस्व सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

इजलास अधिकृतः श्री भिष्म भट्टराई

इतिसम्बत २०७९ साल असार ९ गते रोज ५ शुभम..............................

प्रमाणिकरण मितिः-

फैसला प्रमाणिकरण गर्नेः-